# नेपाली र भोजपुरी भाषाका काल तथा पक्षको तुलना

नारायणप्रसाद पन्थ

## लेखसार

*प्रस्तुत लेखमा व्यतिरेकी विश्लेषणको सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा नेपाली र भोजपुरी भाषाका काल तथा पक्षको तुलना गरिएको छ । नेपाली र भोजपुरी भाषाका काल तथा पक्षको तुलनात्मक अध्ययन गर्नाका निम्ति यो अध्ययन गरिएको हो । प्राथमिक र द्वितीयक स्रोतका सामग्री तथा वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्मक अनुसन्धान पद्धतिको उपयोग गरी यस अध्ययनलाई पूर्ण बनाइएको छ । यस लेखमा वर्तमान, भूत र भविष्यत्कालका सामान्य, अपूर्ण र पूर्ण जस्ता सूचकमा केन्द्रित रही उपर्युक्त दुई भाषाको तुलना गरी निष्कर्ष निकालिएको छ । निष्कर्षअनुसार नेपाली भाषाको वर्तमानकालीन क्रियामा धातुपछि छु, छौँ, छन्, छस् जस्ता सहायक क्रियाको प्रयोग गरिन्छ भने भोजपुरी भाषाको वर्तमानकालिक क्रियामा धातुपछि इँला, इबे, इब, इबा, इहें, यी, वलजायी जस्ता सहायक क्रियाको प्रयोग गरिन्छ । नेपाली भाषामा भूतकाल जनाउन धातुमा एँ, यौँ, यो, ई जस्ता सहायक क्रिया प्रत्ययवत् जोडिन्छन् भने भोजपुरी भाषामा भूतकाल जनाउन धातुमा इल, इले, इलीँ, इलयँ जस्ता कालबोधक प्रत्यय जोडेको पाइन्छ । नेपाली भाषामा भविष्यत् काल जनाउन धातुमा नेपछि वर्तमान कालका सहायक क्रिया छु, छौँ, छन्, छ, छस् जोडिन्छ भने भोजपुरी भाषामा धातुमा इहें, ई, वलजायी, इब, इबु, इबे जस्ता सहायक क्रिया जोडिन्छ । पूर्ण वर्तमान, पूर्ण भूत र पूर्ण भविष्यत्कालिक कियापदका धातुमा अले प्रत्यय जोडी बाटे, बाटीँ, बा, बाट जस्ता वर्तमानकालिक, रहलीँ, रहलयँ, रहल, रहली, रहलें, रहलिन्, रहलगय जस्ता भूतकालिक तथा होवलजाइब, होइहें, होई, होइब, होइबु जस्ता भविष्यत्कालिक सहायक कियाको प्रयोग भएको पाइने निष्कर्ष प्रस्तुत गरिएको छ । प्रस्तुत लेखबाट प्राप्त निष्कर्ष प्राज्ञिक दृष्टिले उपयोगी र औचित्यपूर्ण रहेको छ ।*

***मुख्य शब्दावली*** *: असमानताका बिन्दु, भोजपुर, मातृभाषी, व्यतिरेकी, व्याकरणिक कोटि ।*

## परिचय

नेपालको संविधानमा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्धन गर्ने कुरा उल्लेख गरिएको छ । नेपालमा बोलिने प्रमुख चार भाषा परिवारमध्ये भोजपुरी भाषा समृद्ध भारोपेली भाषा परिवारअर्न्तगत पर्दछ । यो भाषा वक्ताका हिसावले नेपाली भाषापछिको तेस्रो स्थानमा रहेको छ ।

नेपाली नेपालको राष्ट्रभाषा हो । जनगणना २०५८ को तथ्याङ्कअनुसार ४८.६१ प्रतिशत नेपाली मातृभाषाका रूपमा बोल्ने गरेकामा २०६८ को जनगणनाअनुसार ४४.६३ प्रतिशत र २०७८ को जनगणनाअनुसार ४४.८६ प्रतिशतले नेपाली भाषा बोल्दछन् । २०६८ को जनगणनाले १२३ मातृभाषा सूचीकृत गरेकामा २०७८ को जनगणनाले १२४ मातृभाषा रहेको तथ्याङ्क सार्वजनिक गरेको छ । यस गणनामा १३ ओटा नयाँ भाषाले सूचीकृत हुने मौका पाएका छन् । ती भाषाहरूमा

रानाथारू, भोटे, चुमरनुब्री, केवरत, दोने, मुगाली, कार्मारोङ, बाह्रगँवा, लोवा, नार्फु, तिचोरुङ पोइके र मुण्डा/मुण्डारी पर्दछन् । रानाथारू, केवरत र दोने भारोपेली परिवारका भाषा हुन् भने मुण्डारमुण्डारी आग्नेली भाषा परिवारको हो । बाँकी भोटबर्मेली परिवारका भाषा हुन् । यसरी नेपाली भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्नेको प्रतिशत ४४.८६ रहेको छ । राष्ट्रिय जनगणना २०७८ मा जातजातिको संख्या १४२ मातृभाषा संख्या १२४ र धर्म संख्या १० कायम भएका छन् । २०६८ सालको जनगणनाअनुसारका कुल १२५ जातजातिमा १७ ओटा जातजाति थप भएका छन् (राष्ट्रिय जनगणना २०७८) ।

नेपालको संविधानअनुसार नेपालमा बोलिने सबै भाषालाई राष्ट्रभाषाका रूपमा संवैधानिक मान्यता प्राप्त छ । अन्य मातृभाषीहरूले पनि नेपाली भाषा प्रयोग गर्छन् र बुझ्दछन् । बोलचालमा बहुप्रचालित नेपाली भाषा विभिन्न भाषा बोल्नेहरूको सम्पर्क भाषाका रूपमा विकसित भएको छ । सरकारी तथा गैरसरकारी सङ्घ संस्था तथा सरकारी कार्यालयहरूमासमेत नेपाली भाषाको प्रयोग हुँदै आएको छ । नेपाली भाषाको प्रयोग ज्ञानविज्ञानका विभिन्न क्षेत्रहरूमा हुन थालेको छ । नेपाली भाषा प्रयोगको दृष्टिले धनी छ । विज्ञान र प्रविधिका क्षेत्रमा पनि यसको प्रयोग बढ्दो छ ।

भोजपुरी नेपालमा नेपाली र मैथिली पछिको धेरै जनसङ्ख्याले बोल्ने भाषा हो । भोजपुरी भाषा बोल्ने मानिस १५,८४,९५८ रहेका छन् । यो नेपालको कूल जनसंख्याको ६.१ प्रतिशत हुन आउँछ । यो भाषा नेपाली भाषा जस्तै भारोपेली भाषा परिवारको सतम् वर्गको भाषा हो । यो भाषा आर्यइरानेली शाखाको संस्कृत भाषाबाट छुट्टिएको मागधी प्राकृतबाट मागध अपभ्रंश हुँदै विकास भएको देखिन्छ । भोजपुरी नेपालका रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी तथा रूपन्देही जिल्ला र सीमावर्ती भारतीय राज्य बिहार र उत्तर प्रदेशमा मुख्य रूपमा मातृभाषाका रूपमा बोलिने भाषा बोलिन्छ ।

भोजपुरी भाषा मागधी प्राकृतबाट विकसित भएको हो । संस्कृतबाट प्राकृत अपभ्रंश हुदैँ आधुनिक आर्य भाषाहरूको विकाससँगै यसको पनि विकास भएको मानिन्छ । नेपालमा रहेका हरेक जातिअनुसारका मातृभाषा अलग पाइन्छन् तर भोजपुरी भाषा कुनै अलग जातिको भाषा होइन । यो एउटा भूगोलको भाषा हो । यो भाषा बोल्ने मानिसहरू हरेक जातका रहेका छन् । यस भाषाको नामकरण भारतीय विहार राज्यको भोजपुर गाउँको नामबाट रहेको छ । यो अहिले एउटा जिल्ला भएको छ । त्यहाँ भोजपुर नाउँको एउटा ठूलो गाउँहरूको समूह छ । यसमा नयाँ भोजपुर र पुरानो भोजपुर दुई गाउँ रहेका छन् । भोजपुरी भाषालाई भोजपुरी, भोजपुरीया जस्ता नाम दिइएको पाइन्छ । यी नाम मुगलको अन्तिम समयदेखि प्रचलनमा रहेको पाइन्छ । भारोपेलीको हिन्द-आर्य शाखाको पूर्वी उपशाखामा मैथिली र मागधीपछिको पश्चिमी भाषाको नाम हो । यसको मूल खोज्दै जाँदा पाली, प्राकृत र संस्कृतसम्म पुग्नुपर्ने हुन्छ। यसको आदिम स्वरूप मागधीबाट छुट्टिन्छ । मध्यकालमा यो देहाती नामबाट पनि जनबोलीका रूपमा चिनिन्छ। सत्रौं-अठारौं शताब्दीदेखि यो भाषा बोल्ने भारतको बिहारमा रहेको भोजपुर तथा वरपरका निवासीलाई भोजपुरिया भनिन्छ। भोजपुरी भाषा कैथी लिपिमा लेखिन्थ्यो तर हाल देवनागरीमा लेखिन्छ। हाल कैथी लिपिलाई कम्प्युटर प्रविधिमा ल्याई पुनर्स्थापित गरिएको छ। अहिले पनि कैथी ओटिएस र नोटो-सन्स-कैथी ओटिएफ वा टिटिएफ फन्डमा कम्प्युटरमा सामान्य अथवा युनिकोड किबोर्ड सफ्टवेयरमा टङ्कण वा अन्य

देवनागरी फन्डमा टङ्कण गरिएको सामग्रीलाई कैथी लिपिमा फेर्न सकिन्छ। यसलाई रोमनमा पनि हेर्न सकिन्छ। भोजपुरी भाषीलाई भोजपुरिया (भोजपुरे) पनि भन्ने गरिन्छ।

ग्रियर्सनका अनुसार यो भाषा मागधी अपभ्रंशबाट विकसित भएको हो (ग्रियर्सन, १९२७, पृ.१५१) । उज्जैनका भोजवंशी राजाहरूले भारतको डुमरावको नजिकै भोजपुर नामक नगर बसाएका थिए । भोजहरूले बसाएको नगरको नाम भोजपुर र त्यस वरपरको भाषालाई भोजपुरी भनियो । स्वतन्त्र राज्यको अस्तित्वमा आइसकेको भोजपुर क्षेत्रलाई सन् १८८१ मा रोहतास प्रान्तमा गाभी भोजपुरी प्रान्त बनाइयो । त्यसपछि त्यस क्षेत्रमा बोलिने भाषालाई भोजपुरी भाषा नाम दिइयो ( तिवारी,२०११,पृ.५) । व्रतराज आचार्यले पनि भोजपुरी भाषालाई संस्कृतको मागधी प्राकृतबाट मागध अपभ्रंश हुँदै विकसित भएको भाषाको रूपमा चिनाएका छन् (आचार्य,२०४०,पृ.११७) । भोजपुरी भाषा अन्य आधुनिक आर्य भाषासरह विक्रमको दशौँ शताब्दीमा अस्तित्वमा आइसकेको थियो ( गौतम,२०४९,पृ.१९८) । भोजपुरी भाषाको कालविभाजन उपेन्द्र सहनीले २०६४ कार्त्तिक १९ को गोरखापत्रमा अपभ्रंश काल सन् ८००-१००० सम्म, प्राचीनकाल सन् ११००-१४०० सम्म, मध्यकाल १५००-१८०० सम्म, आधुनिककाल १९०० पछि हालसम्म (सहनी,२०६४,पृ.९) भनी उल्लेख गरेका छन् । भोजपुरी भाषा पहिला कैथी लिपिमा लेखिन्थ्यो तर अहिले यो भाषा देवनागरी लिपिमा नै लेखिन्छ (गौतम र चौलागाई,२०७०,पृ.३७३) । आधुनिक कालमा नेपाल र भारत बन्नुभन्दा धेरै अगाडिदेखि नै हालको नेपालको क्षेत्रमा भोजपुरीको आदिम स्वरूप बन्न सुरू भएको थियो (ठाकुर, २०७२, पृ.८१) । भोजपुरी भाषाको इतिहास सातौँ शताब्दीबाट सुरू भएको हो । आजभन्दा एघार सय वर्ष पहिला लेखिएको गोरखनाथको गोरखवाणी भोजपुरी भाषामा भेटिन्छ (यादव,२०७२,पृ.२४) । मध्यकालमा यी स्थानमा मध्य प्रदेशको उज्जैनबाट आएका भोजवंशी राजाले आफ्ना पूर्वज राजा भोजको नामबाट यो स्थानको नामकरण गरे भन्ने भनाइ छ । यो ठाउँको वरिपरि बोलिने भाषालाई भोजपुरी भाषा भनिएको हो (यादव,२०७२,पृ.२४) । नेपालमा बोलिने भोजपुरी भाषाका तीन भाषिका रहेका छन् । पूर्वीय भोजपुरी : बारा जिल्लाबाट पूर्वको क्षेत्रमा बोलिने भोजपुरी भाषालाई पूर्वीय भोजपुरी भनिन्छ । मध्य भोजपुरी : बारा, पर्सा र चितवन जिल्लाको भोजपुरी भाषालाई मध्य भोजपुरी भनिन्छ । पश्चिमी भोजपुरी : नारायणी नदीभन्दा पश्चिम नवलपरासी, रूपन्देही जिल्लाको भोजपुरी पश्चिमी हो (यादव,२०७२,पृ.२७) । नेपाल र भारतको विस्तृत क्षेत्रमा फैलिएको भोजपुरी भाषाका विभिन्न भाषिका विकसित भएका छन् । भोजपुरी भाषाले संविधानबाट नेपालको राष्ट्रभाषाको मान्यता प्राप्त गरेको छ । पठनपाठनको माध्यम भाषा र सञ्चार माध्यमको भाषाका रूपमा पनि विकास भएको छ ।

प्रस्तुत अध्ययनमा भोजपुरी र नेपाली भाषाका काल तथा पक्षको तुलनात्मक अध्ययन गएिको छ । यस कार्यले नेपाली भाषाबाट भोजपुरी र भोजपुरी भाषाबाट नेपाली भाषामा परेको प्रभावको समेत अध्ययन गर्न सहयोग पुग्दछ । त्यसैले यस लेखमा नेपाली भाषा र भोजपुरी भाषाका व्याकरणिक कोटिअन्तर्गत काल र पक्षको तुलनात्मक अध्ययनलाई मुख्य समस्याका रूपमा लिइएको छ । यस लेखको मूल उद्देश्य नेपाली भाषा र भोजपुरी भाषाका व्याकरणिक कोटिअन्तर्गत काल र पक्षको तुलनात्मक अध्ययन गरी समानता र असमानताको विश्लेषण गर्नु रहेको छ । यस अध्ययनमा रूपन्देही जिल्लाको कोटहीमाई गाउँपालिकाअन्तर्गत वडा नं. ५ को मर्चवार आदर्श

माध्यमिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययरत भोजपुरी भाषी विद्यार्थीका व्याकरणिक कोटिअन्तर्गत काल र पक्षको तुलनात्मक अध्ययनमा सीमित रहेको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययन नेपालको लुम्बिनी प्रदेशमा अवस्थित रूपन्देही जिल्लाको कोटहीमाई गाउँपालिकाअन्तर्गत वडा नं. ५ को मर्चवार आदर्श माध्यमिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययरत भोजपुरी भाषी विद्यार्थीका व्याकरणिक कोटिअन्तर्गत काल र पक्षको अध्ययनमा केन्द्रित रहेको छ । भोजपुरी भाषी विद्यार्थीलाई मुख्य केन्द्रबिन्दु बनाई त्यहाँ बोलिने भोजपुरी भाषाको अध्ययन गर्न २५ जना विद्यार्थीलाई जनसङ्ख्याको रूपमा लिइएको छ । स्वयम् अनुसन्धानकर्ता सम्बन्धित क्षेत्रमा गएर भोजपुरी भाषी वक्तासँग प्रत्यक्ष सम्पर्कमा प्रश्नावलीमार्फत शोधपुछ, अन्तर्वार्ता र सामूहिक छलफल गरी आधारभूत वाक्य तथा शब्दहरू सङ्कलन गरिएको छ । उक्त सामग्रीलाई विश्वसनीय बनाउनाका लागि सो क्षेत्रका मूलभाषी वक्ताहरूबाट भाषिक सामग्रीको रुजु र सूचीबद्ध गरी तुलनात्मक अध्ययन गरिएको छ । भोजपुरी भाषाका बारेमा पूर्व प्रकाशित पुस्तक, व्याकरण, पत्रपत्रिका, शव्दकोशका साथै पुस्तकालयीय अध्ययनकार्यको उपयोग गरिएको छ । यस अध्ययनमा सङ्कलन गरिएका तथ्याङ्कहरूलाई वर्गीकरण र व्याख्या गरिएको छ । तथ्याङ्क विश्लेषण गर्दा वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस क्रममा भिडिओमा सङ्कलित सामग्रीको पनि विश्लेषण गरिएको छ । बोलाइमा के कति समानता र असमानता छन् भन्ने कुरा पत्ता लगाइएको छ । तथ्याङ्क विश्लेषण गर्दा समानता र असमानता पत्ता लगाई त्यसका आधारमा वाक्यगठन तथा वर्णविन्यासका कुन पक्षमा बढी, कुन पक्षमा कस्ता समानता र असमानता छन् भन्ने कुराको पहिचान गरिएको छ । अन्त्यमा सामग्रीको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक पर्याधार

व्यतिरेकी विश्लेषण प्रायोगिक भाषाविज्ञानसँग सम्बन्धित छ । भाषा सिकाइका सन्दर्भमा व्यतिरेकी विश्लेषणले सैद्धान्तिकभन्दा प्रायोगिक पक्षलाई जोड दिन्छ । यसमा दुई वा दुईभन्दा बढी भाषाबीच विभिन्न स्तरमा पाइने समानता र विषमतालाई पत्ता लगाइन्छ । यो दुई वा दुईभन्दा बढी भाषाको व्यवस्था वा उपव्यवस्थाका समानता र भिन्नतासम्बन्धी तुलनात्मक अध्ययन हो । व्यतिरेकी विश्लेषण दुई वा दुई भन्दा बढी भाषाहरूका व्यवस्था तथा उपव्यवस्थामा निहित समानता तथा भिन्नतासम्बन्धी तुलनात्मक अध्ययनसँग सम्बन्धित हुन्छ (अधिकारी, २०५६,पृ.१२३) । यसको मुख्य उद्देश्य भाषाको सार्वभौम विशेषताको खोजी गर्नु नभई भाषा शिक्षणका समस्याको समाधान गर्नु अथवा दोस्रो भाषा सिकाइको समस्या निराकरण गर्नतर्फ केन्द्रित हुन्छ (पौडेल,२०६९,पृ.१८७) । व्यतिरेकी विश्लेषणको सुरुवात उन्नाइसौं शताब्दिपछि भएको हो । संयुक्तराज्य अमेरिकाका चार्ल सी फ्राइजले सन् १९४५ मा भाषाशिक्षणका क्षेत्रमा दुई भाषाका बीचको तुलनात्मक अध्ययनबाट प्राप्त सामग्री बढी उपयोगी हुने कुरा उल्लेख गरे । उक्त अवधारणालाई कार्यरुप दिने विद्वानहरूमा ल्याडो र बेन्रिख हुन् (भण्डारी, २०५४,पृ.२०) । ल्याडोले 'लिङ्ग्वस्टिक एक्रस कल्चर' नामक पुस्तकमा फ्राइजका अवधारणालाई प्रस्तुत गर्दै उत्कृष्ट भाषाशिक्षण सामग्री, लक्ष्यभाषा र स्रोतभाषासमेतको तुलना र व्यतिरेकी विश्लेषणका आधारमा तयार भएको हुनुपर्छ भन्ने कुरा अगाडि सारेको पाइन्छ । ल्याडोले दुई भाषाको तुलना गर्दै तिनीहरूका बीचको समानता, अर्धसमानता र असमानताका

संरचनाहरू पहिचान गरी सिकारुलाई लक्ष्यभाषा सिक्ने क्रममा कहाँनेर के कसरी ? बाधा वा सुविधा उत्पन्न हुन्छ भन्ने जानकारी प्राप्त गर्न सकिने युक्ति अगाडि सारे (लामिछाने,२०७०,पृ.२२४) । उनले दोस्रो भाषा सिक्दा कुनै भाषिक विशेषता सजिलो हुने र कुनै धेरै कठिन हुने र सिकारुको मातृभाषासँग समानता राख्ने भाषा सिक्न र सिकाउन सजिलो हुने विचार प्रकट गरे । उनले मातृभाषासँग असमानता राख्ने भाषा सिक्न र सिकाउन गाह्रो हुने मान्यता प्रस्तुत गरे । संयुक्त राज्य अमेरिकामा व्यतिरेकी विश्लेषण मालाका रूपमा थालिएका कार्यहरू उल्लेखनीय रहेका छन् । यस विश्लेषण मालाका सम्पादक चार्ल्स फर्गुसन हुन् (भण्डारी,२०५४,पृ.२१) । अध्ययनका क्रममा अंग्रेजी भाषालाई लक्ष्य भाषाका रूपमा लिएर त्यसका सापेक्षतामा जर्मन, स्पेनिस, इटालियन, फ्रेन्च र रसियन जस्ता युरोपली भाषाहरूको व्यतिरेकी विश्लेषण गरिएको थियो (ढकाल,२०६९, पृ.१३०) । जर्मन तथा अंग्रेजी भाषा व्यवस्थाको व्यतिरेकी विश्लेषणका सन्दर्भमा अगाडि आएका विचारहरूले व्यतिरेकी विश्लेषणप्रतिको आस्थालाई बलियो बनाउन निकै मदत गर्‍यो ।

सन् १९५७ मा नोम चम्स्कीको रूपान्तरण व्याकरणसम्बन्धी अवधारणाको विकास भएपछि भाषा आदतहरूको समुच्च हो भन्ने व्यतिरेकी विश्लेषणको प्रारम्भिक भाषावादी दृष्टिकोणको विकल्प देखा पर्‍यो । नयाँ भाषाको सिकाइलाई त्यस भाषाका नियमहरूका रूपमा हेरिनुपर्दछ भन्ने नयाँ मान्यता अगाडि आएपछि रूपान्तरण व्याकरणको आधारमा निकेल (१९६९) आदिद्वारा व्यतिरेकी विश्लेषणलाई नयाँ ढंगले विकसित गर्दै जाने सोँचहरू अगाडि सारे (लामिछाने,२०७०,पृ.२२८) । व्यतिरेकी अध्ययन नयाँ ढङ्गबाट अगाडि बढ्न थाल्यो । यस क्रममा रूपान्तरण उन्मुख ढाँचाभन्दा भाषा प्रयोग उन्मुख ढाँचा व्यतिरेकी विश्लेषणको क्षेत्रमा प्रयोग गर्नु बढी उपयोगी हुन्छ भन्ने मान्यता स्नुक (१९७१) जस्ता विद्वानहरूले अगाडि सारे (ढकाल,२०६९,पृ.१३०) । त्यसपछि व्यतिरेकी विश्लेषणको सिद्धान्त दुई खाले अवधारणामा विभक्त भयो । एक खाले विद्वानहरूले व्यतिरेकी सिद्धान्तका प्रारम्भिक मान्यताहरू स्वीकार गरी व्यवधानलाई भाषा सिकाइमा उत्पन्न हुने कठिनाइहरूको आधारका रूपमा ग्रहण गरे भने अर्काथरि विद्वानहरूले यस मान्यताको आलोचना गर्दै दोस्रो भाषा सिकाइमा देखापर्ने कठिनाइहरू मातृभाषा र लक्ष्य भाषाको संरचनामा खोज्नुपर्दछ भन्ने मान्यताको विकास गरे । दुबैले मातृभाषाको व्यवधानलाई भाषादोष वा सिकारुका कठिनाइहरूका मुख्य कारकका रूपमा स्वीकारेका गरे । व्यतिरेकी विश्लेषण सिद्धान्तका प्रतिपादकहरूले व्यावधान र कठिनाइहरूको स्तर एवम् कारणहरू पत्ता लगाउनका निम्ति सिकारुको मातृभाषा र लक्ष्यभाषाका संरचनागत व्यतिरेकी बिन्दुहरूको चयन गर्नुपर्ने प्रस्ताव अगाडि सारे । यस अध्ययनमा एउटा भाषाका संरचना र अर्को भाषाका संरचनाबीच तुलना गर्न सकिन्छ । यस किसिमको तुलनाबाट दोस्रो भाषाको सिकाइमा आउने कठिनाईहरूको पूर्वानुमान गर्न सकिन्छ । सम्भाव्य कठिनाइहरूको पूर्वानुमानबाट भाषाशिक्षण सामग्री र भाषाशिक्षण विधिहरूमा अपेक्षित सुधार ल्याउन सकिन्छ ( भण्डारी,२०५४,पृ.२१) । व्यतिरेकी विश्लेषणको लागि निम्नानुसारका प्रक्रिया अपनाइन्छ :

### सामग्री सङ्कलन

दुई भाषाको तुलना र प्रतितुलना गरी दुई भाषाबिचको संरचनात्मक समानता र असमानताको क्षेत्र निर्धारण गर्नु व्यतिरेकी विश्लेषणको मुख्य कार्य हो (भण्डारी, २०५४, पृ.१३०) । यसका लागि सर्वप्रथम स्रोतभाषा र लक्ष्यभाषाका समानस्तरका सामग्री सङ्कलन गरिन्छ (पौडेल,२०७३,पृ.१९२) । सामग्री सङ्कलनका स्रोत विविध हुन सक्ने हुनाले सम्बन्धित विषयका लिखित सामग्री, भाषाका

प्रयोगकर्ताका कथ्य सामग्रीका साथै आफूलाई अवगत भएको भए आफ्नै अन्तर्दृष्टिबाट पनि सामग्री सङ्कलन गर्न सकिन्छ ।

## सामग्रीको सत्यापन

सामग्री सङ्कलनको कार्य पूरा भइसकेपछि सङ्कलित सामग्रीलाई सत्यापन गर्नुपर्छ । यसका लागि सम्बन्धित भाषाका विशेषज्ञ तथा मातृभाषीको सहयोग लिनु आवश्यक हुन्छ ( पौडेल,२०७३,पृ.१९०) सङ्कलित सामग्री शुद्ध र सही हुनुपर्दछ (भण्डारी,२०५४,पृ.१३०) । सामग्री अशुद्ध भएमा विश्लेषण गर्न खोजिएका कुराको गलत परिणाम निस्कन सक्छ ।

## सामग्रीको बोध

व्यतिरेकी विश्लेषणका लागि स्रोतभाषा र लक्ष्यभाषाका संरचनागत सामग्रीको बोध अपरिहार्य हुन्छ । सङ्कलित सामग्रीको तहनिर्धारण र सत्यापन गरिसकेपछि तिनको स्वरूप पहिल्याउने र स्रोत र लक्ष्यभाषाका सामग्रीहरू कस्ता प्रकृतिका हुन् ? के के कुरामा भिन्न छन् ? तिनका भिन्नतालाई कुन कुन कुराले प्रभाव पारेका छन् ? भन्ने कुराको बोध हुनुपर्दछ (भण्डारी,२०५४,पृ.१३१) । यसका लागि पूर्वअध्ययनलाई सहयोगीका रूपमा लिनुपर्दछ ।

## सामग्री विश्लेषण

व्यतिरेकी विश्लेषणका लागि सामग्री सङ्कलन, सत्यापन र बोध गरिन्छ । लक्ष्यभाषा र स्रोतभाषाका सामग्रीहरूका विशेषता पहिचान गरी उक्त दुवै भाषामा देखिएका समानता र असमानताहरूको विश्लेषण गरिन्छ । सामग्रीको विश्लेषण गर्दा स्रोतभाषा र लक्ष्यभाषाबीच रहेका समानताको, असमानता र व्यतिरेकी नियमको निर्धारण गरिन्छ । यसले गर्दा व्यतिरेकी विश्लेषण सहज हुनुका साथै तथ्यपूर्ण, क्रमबद्ध साथै वैज्ञानिक बन्दछ । व्यतिरेकी विश्लेषणमा समतलीय र उर्ध्वतलीय गरी दुई पद्धति उपयोगमा ल्याउने गरिन्छ । समतलीय पद्धति त्यस्तो पद्धति हो, जसको उपयोगबाट भाषा १ बाट भाषा २ मा (स्रोत भाषाबाट लक्ष्य भाषामा) र भाषा २ बाट भाषा १ का भाषिक तत्वहरूको तुलना, वर्णन र व्याख्या गरिन्छ । यो पद्धति सैद्धान्तिक दृष्टिले भन्दा प्रायोगिक तथा शैक्षणिक प्रयोजनका हिसाबले बढी उपयोगी हुन्छ (पौडेल,२०७३, पृ.१९०) । ऊर्ध्वतलीय पद्धति पनि व्यतिरेकी विश्लेषणका लागि अपनाउन सकिने एक पद्धति हो । यसमा दुई वा दुईभन्दा बढी भाषा बीचको समानता र असमानताको विस्तृत अध्ययन गरी भाषाहरूको तुलना गर्न नमुना दिने, तुलनीय तत्वहरू औल्याउने र भाषाका सार्वभौम अभिलक्षणहरूको खोजी गरिन्छ ( पौडेल,२०७३,पृ.१८९) । यसरी व्यतिरेकी विश्लेषण दुई वा दुईभन्दा बढी भाषाहरूका व्यवस्था तथा उपव्यवस्थामा निहित समानता तथा भिन्नतासम्बन्धी तुलनात्मक अध्ययन भएकाले यसमा दुई वा दुईभन्दा बढी भाषाहरूबीच पाइने संरचनात्मक समानता वा असमानताको क्रमबद्ध, व्यवस्थित, तथ्यपूर्ण र वैज्ञानिक अध्ययन गरिन्छ ।

## व्याख्या तथा विश्लेषण

प्रस्तुत लेखमा व्यतिरेकी विश्लेषणको सैद्धान्तिक पर्याधारका आधारमा नेपाली र भोजपुरी भाषाका काल तथा पक्षको तुलना गरिएको छ ।

## कालका आधारमा नेपाली र भोजपुरी भाषाको तुलना

प्रस्तुत अध्ययनमा नेपाली र भोजपुरी भाषाका तीनओटै कालका सामान्य, अपूर्ण र पूर्ण पक्षका कियालाई वचन र पुरुषका आधारमा तुलना गरिएको छ ।

**वर्तमान काल**

यहाँ नेपाली र भोजपुरी भाषाका वर्तमान कालका कियालाई वचन र पुरुषका आधारमा तुलना गरिएको छ ।

**तालिका १**

| पुरुष | एकवचन | | बहुवचन | |
|---|---|---|---|---|
| | नेपाली | भोजपुरी | नेपाली | भोजपुरी |
| प्रथम | आउँछु | आइँला | आउँछौँ | आइब |
| द्वितीय | आउँछेस् | अइबे | आउँछौँ | आइब |
| | आउँछस् | अइबे | आउँछौ | अइबा |
| | आउँछौ | अइब | आउनुहुन्छ | अइहें |
| | आउनुहुन्छ | आवलजायी | | |
| तृतीय | आउँछे | आयी | | |
| | आउँछ | आयी | | |
| | आउँछिन् | अइहें | | |
| | आउँछन् | अइहें | | |

तालिका २

| एकवचन | बहुवचन |
|---|---|
| म आउँछु । | हामी आउँछौँ । |
| हम आइब । | हम्मन के आइब । |
| तँ आउँछेस्/आउँछस् । | तिमीहरू आउँछौ । |
| तैं अइबे । | तुलोग अइब । |
| तिमी आउँछ्यौ/आउँछौ । | तपाईंहरू आउनुहुन्छ । |
| तुं अइब । | आप सब आवलजायी । |
| तपाइँ आउनुहुन्छ । | उनीहरू आउँछन् । |
| आप आवलजायी । | ऊलोग अइहें । |
| ऊ आउँछे/आउँछ । | उहाँहरू आउनुहुन्छ । |
| ऊ आयी । | ऊ सब अइहें |
| उनी आउँछिन्/आउँछन् । | |
| वन अइहें । | |
| उहाँ आउनुहुन्छ । | |
| वन अइहें । | |

यसरी नेपाली भाषाको वर्तमानकालीन क्रियामा धातुपछि छु, छौँ, छन्, छस् जस्ता सहायक क्रियाको प्रयोग गरिन्छ भने भोजपुरी भाषाको वर्तमानकालिक क्रियामा धातुपछि इँला, इबे, इब, इबा, इहैं, यी, वलजायी जस्ता सहायक क्रियाको प्रयोग गरिन्छ ।

## भूतकाल

प्रस्तुत अध्ययनमा नेपाली र भोजपुरी भाषाका भूतकालका क्रियालाई वचन र पुरुषका आधारमा तुलना गरिएको छ ।

तालिका ३

| पुरुष | एकवचन | | बहुवचन | |
|---|---|---|---|---|
| | नेपाली | भोजपुरी | नेपाली | भोजपुरी |
| प्रथम | आएँ | अइलीँ | आयौँ | अइलीँ |
| द्वितीय | आइस् | अइले | आयौँ | अइल |
| | आयौ | अइल | आयौ | अइल |
| | आउनुभयो | अइलीँ | आउनुभयो | अइलीँ |
| तृतीय | आई | आइल | आए | अइलैँ |
| | आयो | आइल | आए | अइलैँ |
| | आए | अइलैँ | | |

यसरी नेपाली भाषाका वचनका क्रियामा भिन्नता पाइन्छन् भने भोजपुरी भाषाका क्रियामा वचनगत समानता पाइन्छन् । प्रस्तुत अध्ययनमा नेपाली र भोजपुरी दुवै भाषाका क्रियालाई वचनका आधारमा वाक्यात्मक रूपमा तुलना गरिएको छ ।

तालिका ४

| एकवचन | बहुवचन |
|---|---|
| म आएँ । | हामी आयौँ । |
| हम अइलीँ । | हमरे सब अइलीँ । |
| तँ आइस् । | तिमीहरू आयौ । |
| ते अइले । | तुलोग अइल । |
| तिमी आयौ । | तिमीहरू आयौ । |
| तु आइल । | तुलोग आइल । |
| तपाईं आउनुभयो । | तपाईंहरू आउनुभयो । |
| आप अइलीँ । | आप सब अइलीँ । |
| ऊ आई/आयो । | उनीहरू आए । |
| ऊ आइल । | ऊलोग अइले । |
| उनी आइन्/आए । | उनीहरू आए । |
| वन अइलिन्/अइले । | ऊ लोग अइले । |
| उहाँ आउनुभयो । | उहाँहरू आउनुभयो । |
| वन अइलयँ । | ऊ सब अइले । |

यसरी नेपाली भाषामा भूतकाल जनाउन धातुमा एँ, यौँ, यो, ई जस्ता सहायक क्रिया प्रत्ययवत् जोडिन्छन् भने भोजपुरी भाषामा भूतकाल जनाउन धातुमा इल, इले, इलीँ, इलयँ जस्ता कालबोधक प्रत्यय जोडेको पाइन्छ ।

## भविष्यत् काल

प्रस्तुत अध्ययनमा नेपाली र भोजपुरी दुवै भाषाका भविष्यत् कालका क्रियालाई वचन र पुरुषका आधारमा तुलना गरिएको छ ।

तालिका ५

| पुरुष | एकवचन | | बहुवचन | |
|---|---|---|---|---|
| | नेपाली | भोजपुरी | नेपाली | भोजपुरी |
| प्रथम | आउने छु | आइब | आउने छौँ | आवलजायी |
| द्वितीय | आउने छेस् | अइबे | आउने छौ | अइब |
| | आउने छस् | अइबे | आउने छौ | अइब |
| | आउने छ्यौ | अइबु | आउने छौ | अइब |
| | आउने छौँ | अइब | आउनुहुनेछ | आवलजायी |
| | आउनुहुनेछ | आइब | आउने छन् | अइहेँ |
| तृतीय | आउने छे | आई | आउने छन् | अइहेँ |
| | आउने छ | आई | | |
| | आउने छिन् | अइहेँ | | |

प्रस्तुत अध्ययनमा नेपाली र भोजपुरी भाषाका भविष्यत् कालका क्रियालाई वचनका आधारमा वाक्यात्मक रूपमा तुलना गरिएको छ ।

तालिका ६

| एकवचन | बहुवचन |
|---|---|
| म आउने छु । | हामी आउने छौँ । |
| हम आइब । | हम्मनके आइब । |
| तँ आउने छेस्/आउने छस् । | तिमीहरू आउने छौ । |
| ते अइबे । | तुलोग अइब |
| तिमी आउने छ्यौ/आउने छौ । | तिमीहरू आउने छौ । |
| तु अइबु/अइब । | तुलोग अइबु/अइब । |
| तपाईं आउनुहुने छ । | तपाईंहरू आउनुहुने छ । |
| आप आवलजायी /आइब । | आप सब आवलजायी/आइब । |
| ऊ आउने छे/आउने छ । | उनीहरू आउने छन् । |
| ऊ आई । | ऊलोग आयी/अइहेँ । |
| उनी आउने छिन्/आउने छन् । | उनीहरू आउने छन् । |
| वन अइहेँ । | ऊ लोग अइहेँ । |
| उहाँ आउनुहुने छ । | उहाँहरू आउनुहुने छ । |
| वन अइहेँ । | ऊ सब अइहेँ । |

यसरी नेपाली भाषामा भविष्यत् काल जनाउन धातुमा ने पछि वर्तमान कालका सहायक क्रिया छु, छौँ, छन्, छ, छस् जोडिन्छ । भोजपुरी भाषामा धातुमा इहेँ, ई, वलजायी, इब, इबु, इबे जस्ता सहायक क्रिया जोडिन्छ ।

## पक्षका आधारमा नेपाली र भोजपुरी भाषाको तुलना

प्रस्तुत लेखमा नेपाली र भोजपुरी भाषाका तीनओटै कालका सामान्य, अपूर्ण र पूर्ण पक्षका क्रियालाई वचन र पुरुषका आधारमा तुलना गरिएको छ ।

## सामान्य पक्ष

प्रस्तुत अध्ययनमा नेपाली र भोजपुरी भाषाका वर्तमान, भूत र भविष्यत् कालका सामान्य पक्षका क्रियाको तुलना गरिएको छ ।

तालिका ७

| वर्तमान | भूत | भविष्यत् |
|---|---|---|
| खान्छु | खाएँ | खाने छु |
| खालीँ | खइलीँ | खाइब |
| खान्छौँ | खायौँ | खाने छौँ |
| खालीँ/खाइलँ | खइलीँ | खाइलजायी |
| खान्छेस्/खान्छस् | खाइस् | खाने छेस्/खाने छस् |
| खाले | खइले | खइबे |
| खान्छौ | खायौ | खाने छौ |
| खालु/खाल | खइलु/खइल | खइबु/ खइब |
| खान्छ्यौ/खान्छौ | खायौ | खाने छ्यौ/खाने छौ |
| खालु/खाल | खइलु/खइल | खइबु/खइब |
| खानुहुन्छ | खानुभयो | खानुहुने छ |
| खाइलजायी | खइलीँ | खाइब/ खाइलजायी |
| खान्छे/खान्छ | खाई/खायो | खाने छे/खाने छ |
| खाले/खाला | खइलिन् /खइलस् | खाई |
| खान्छन् | खाए | खाने छन् |
| खालिन्/खालन् | खइलिन् /खइलैं | खइहैं |
| खान्छिन्/खान्छन् | खाइन्/खाए | खाने छिन्/खाने छन् |
| खालिन्/खालन् | खइलिन् /खइलैं | खइहैं |
| खान्छन् | खाए | खानेछन् |
| खालिन्/खालन् | खइलिन्/खइलैं | खइहैं |
| खानुहुन्छ | खानुभयो | खानु हुनेछ |
| खाइलजायी | खइलीँ | खाइब |

यसरी यहाँ नेपाली र भोजपुरी दुवै भाषाका वर्तमान, भूत र भविष्यत् कालका सामान्य पक्षका क्रियाको तुलना गरिएको छ । यसअनुसार भोजपुरी भाषाका सामान्य वर्तमानकालिक क्रियापदका धातुमा इलजायी, लिन्, लन्, ले, ल, लु तथा भूतकालिक क्रियापदका धातुमा इलीँ, इलिन्, इलैं, इलस

र भविष्यत्कालिक क्रियापदका धातुमा इब, इहें, इलजायी, इबु, इबे जस्ता कालबोधक प्रत्यय जोडिएको पाइन्छ ।

**अपूर्ण पक्ष**

प्रस्तुत अध्ययनमा नेपाली र भोजपुरी भाषाका वर्तमान, भूत र भविष्यत् कालका अपूर्ण पक्षका क्रियाको तुलना गरिएको छ ।

तालिका ८

| वर्तमान | भूत | भविष्यत् |
|---|---|---|
| पढ्दै छु | पढ्दै थिएँ | पढ्दै हुने छु |
| पढत बाटीँ | पढत रहलीँ | पढत रहब |
| पढ्दै छौँ | पढ्दै थियौँ | पढ्दै हुने छौँ |
| पढत बाटीँ | पढत रहलीँ | पढत रहब |
| पढ्दै छेस्/छस् | पढ्दै थिइस् | पढ्दै हुने छेस्/छस् |
| पढत बाटु /बाटे | पढत रहलु/रहले | पढत रहबु/रहबे |
| पढ्दै छौ | पढ्दै थियौ | पढ्दै हुने छौ |
| पढत बाट | पढत रहल | पढत रहब |

यसरी नेपाली र भोजपुरी दुवै भाषाका वर्तमान, भूत र भविष्यत् कालका सामान्य पक्षका क्रियाको तुलना गरिएको छ । यसअनुसार भोजपुरी भाषाका सामान्य वर्तमानकालिक क्रियापदको धातुमा इलजायी, लिन्, लन्, ले, ल, लु तथा भूतकालिक क्रियापदका धातुमा इलीँ, इलिन्, इलेँ, इलस र भविष्यत्कालिक क्रियापदका धातुमा इब, इहें, इलजायी, इबु, इबे जस्ता कालबोधक प्रत्यय जोडिएको पाइन्छ ।

**अपूर्ण वर्तमान**

प्रस्तुत अध्ययनमा नेपाली र भोजपुरी भाषाका अपूर्ण वर्तमानका क्रियाको तुलना गरिएको छ ।

तालिका ९

| नेपाली | भोजपुरी |
|---|---|
| म पढ्दै छु । | हम पढत बाटीँ । |
| हामी पढ्दै छौँ । | हम्मन सब पढतबाटीँ । |
| तँ पढ्दै छेस्/छस् । | ते पढत बाटे । |
| तिमी पढ्दैछ्यौ/छौ । | तु पढत बाटु/बाट । |
| तिमीहरू पढ्दै छौ । | तुलोग पढत बाट । |
| तपाइँ पढ्दै हुनुहुन्छ । | आप पढलजातबा । |
| तपाइँहरू पढ्दै हुनुहुन्छ । | आप सब पढत बाटी । |
| ऊ पढ्दै छे/छ । | ऊ पढती / पढत बा । |

यसरी नेपाली र भोजपुरी भाषाका अपूर्ण वर्तमान कालका क्रियाको तुलना गरिएको छ । यसअनुसार भोजपुरी भाषाका अपूर्ण वर्तमानकालिक क्रियापदका धातुमा अत जोडी बा, बाटीँ, बाटी, बाटे, बाटु जस्ता सहायक क्रिया जोडिएको पाइन्छ ।

## अपूर्ण भूत

प्रस्तुत अध्ययनमा नेपाली र भोजपुरी भाषाका अपूर्ण भूत कालका कियाको तुलना गरिएको छ ।

तालिका १०

| नेपाली | भोजपुरी |
|---|---|
| म पढ्दै थिएँ । | हम पढत रहली । |
| हामी पढ्दै थियौं । | हमन सब पढत रहली । |
| तँ पढ्दै थिइस् । | ते पढतरहले । |
| तिमी पढ्दै थियौ । | तु पढत रहले । |
| तिमीहरू पढ्दै थियौ । | तुलोग पढत रहले । |
| तपाईं पढ्दै हुनुहुन्थ्यो । | आप सब पढत रहलीँ । |
| ऊ पढ्दै थिई/थियो । | ऊ पढत रहली /रहल । |
| उनी पढ्दै थिइन्/ थिए । | वन पढत रहलिन् /रहल । |
| उनीहरू पढ्दै थिए । | ऊलोग पढत रहलैं । |
| उहाँ पढ्दै हुनुहुन्थ्यो । | वन पढत रहलैं । |

यसरी नेपाली र भोजपुरी भाषाका भूत कालका अपूर्ण पक्षका कियाको तुलना गरिएको छ । यसअनुसार भोजपुरी भाषाका अपूर्ण भूतकालिक कियापदको धातुमा अत जोडी रहल, रहली, रहलैं, रहलिन् जस्ता सहायक कियाको प्रयोग भएको पाइन्छ ।

## अपूर्ण भविष्यत्

प्रस्तुत अध्ययनमा नेपाली र भोजपुरी भाषाका अपूर्ण भविष्यत्का कियाको तुलना गरिएको छ ।

तालिका ११

| नेपाली | भोजपुरी |
|---|---|
| म पढ्दै हुने छु । | हम पढत रहब । |
| हामी पढ्दै हुने छौं । | हमन सब पढत रहलजायी |
| तँ पढ्दै हुने छेस्/छस्। | ते पढत रहबे/रहबे । |
| तिमी पढ्दै हुने छयौ/छौ । | तु पढत रहबु/रहब । |
| तिमीहरू पढ्दै हुने छौ । | तुलोग पढत रहब । |
| तपाईं पढ्दै हुनुहुने छ । | आप पढत रहलजायी । |
| ऊ पढ्दै हुने छे/छ । | ऊ पढत रही । |
| उनी पढ्दै हुने छिन्/छन् । | वन पढत रहिहें । |
| उनीहरू पढ्दै हुने छन् । | ऊलोग पढत रहिहें। |

यसरी नेपाली भाषामा तै/दै रूपले अपूर्ण पक्षलाई जनाउँछ तर भोजपुरी भाषामा ‘अत’ रूपले अपूर्ण पक्षलाई जनाउँछ । नेपाली भाषामा अपूर्ण पक्ष जनाउने ‘तै/दै’ वैकल्पिक रूपमा सबै कालमा प्रयोग हुन्छन् तर भोजपुरी भाषामा अपूर्ण पक्ष जनाउने ‘अत’ को प्रयोग भएको पाइन्छ । भोजपुरी

भाषामा रहलजायी, रहिहें, रही, रहबे, रहब, रहबु जस्ता अपूर्ण भविष्यत्कालिक क्रियापदको प्रयोग गरिएको पाइन्छ ।

## पूर्ण पक्ष

प्रस्तुत अध्ययनमा नेपाली र भोजपुरी भाषाका वर्तमान, भूत र भविष्यत् कालका पूर्ण पक्षका क्रियाको तुलना गरिएको छ ।

तालिका १२

| भूत | वर्तमान | भविष्यत् |
|---|---|---|
| खेलेकी/खेलेको थिएँ । | खेलेकी/खेलेको छु | खेलेकी/खेलेको हुने छु । |
| खेलले रहलीँ । | खेलले बाटीँ । | खेलले होब । |
| खेलेका थियौँ । | खेलेका छौँ । | खेलेका हुने छौँ । |
| खेलल रहलगय । | खेलले बाटीँ | खेलले होवलजायी । |
| खेलेकी/खेलेको थिइस् । | खेलेकी/खेलेको छेस्/छस् | खेलेकी/खेलेको हुने छेस्/हुने छस् |
| खेलले रहले/रहल | खेलले बाटे /बाट | खेलले होइबु/होइब |
| खेलेकी/खेलेको थिई/थियो | खेलेकी/खेलेको छे/छ | खेलेकी/खेलेको हुने छे/हुनेछ । |
| खेलले रहली/रहल | खेलले बा | खेलले होई । |
| खेलेकी/खेलेका थिइन्/ थिए | खेलेकी/खेलेका छ्यौ/छौ | खेलेकी/खेलेकाहुनेछ्यौ/छौ । |
| खेलले रहलिन् /रहल | खेलले बा | खेलले होइहें । |
| खेलेका थिए | खेलेका छन् | खेलेका हुने छन् । |
| खेलले रहलयँ | खेलले बाटेँ | खेलले होइहें । |
| खेल्नुभएको थियो | खेल्नुभएको छ । | खेल्नुभएको हुने छ । |
| खेलले रहलीँ | खेलले बाटीँ । | खेलले होवलजाइब । |

यसरी यहाँ नेपाली र भोजपुरी भाषाका पूर्ण पक्षका क्रियाको तुलना गरिएको छ । यसअनुसार भोजपुरी भाषाका पूर्ण वर्तमान, पूर्ण भूत र पूर्ण भविष्यत्कालिक क्रियापदका धातुमा अले प्रत्यय जोडी बाटे, बाटीँ, बा, बाट जस्ता वर्तमानकालिक, रहलीँ, रहलयँ, रहल, रहली, रहलैं, रहलिन्, रहलगय जस्ता भूतकालिक तथा होवलजाइब, होइहें, होई, होइब, होइबु जस्ता भविष्यत्कालिक सहायक क्रियाको प्रयोग भएको पाइन्छ । नेपाली भाषामा एको/एका/एकी रूपले पूर्ण पक्षलाई जनाउँछ भने भोजपुरी भाषामा 'अले' रूपले पूर्ण पक्षलाई जनाउँछ ।

## पूर्ण वर्तमान काल

प्रस्तुत अध्ययनमा नेपाली र भोजपुरी भाषाका वर्तमान कालका पूर्ण पक्षका क्रियाको तुलना गरिएको छ ।

तालिका १३

| नेपाली | भोजपुरी |
|---|---|
| मैले खेलेको/खेलेकी छु । | हम खेलले बाटीँ । |
| हामीले खेलेका छौँ । | हमन सब खेलले बाटीँ । |
| तैँले खेलेकी/खेलेको छेस्/छस् । | ते खेलले बाटे । |

| | |
|---|---|
| तिमीले खेलेकी/खेलेका छ्यौ/छौ । | तु खेलले बाटु/बाट । |
| तिमीहरूले खेलेका छौ । | तुलोग खेलले बाटु/बाट । |
| तपाईंले खेल्नुभएको छ । | आप खेलले बाटी । |
| उसले खेलेकी/खेलेको छे/छ । | ऊ खेलले बा । |
| उनले खेलेकी/खेलेका छिन्/छन् । | वनखेलले बाटिन् / बाटयँ । |
| उहाँले खेल्नुभएको छ । | वन खेलले बाटयँ । |

यसरी यहाँ नेपाली र भोजपुरी भाषाका पूर्ण वर्तमानका क्रियाको तुलना गरिएको छ । यसअनुसार भोजपुरी भाषाका पूर्ण वर्तमानकालिक क्रियापदका धातुमा अले प्रत्यय जोडी बाटे, बाटीँ, बा, बाट, बाटयँ जस्ता वर्तमानकालिक सहायक क्रियाको प्रयोग भएको पाइन्छ । नेपाली भाषामा एको/एका/एकी रूपले पूर्ण पक्षलाई जनाउँछ भने भोजपुरी भाषामा 'अले' रूपले पूर्ण पक्षलाई जनाउँछ ।

## पूर्ण भूतकाल

प्रस्तुत अध्ययनमा नेपाली र भोजपुरी भाषाका भूत कालका पूर्ण पक्षका क्रियाको तुलना गरिएको छ ।

तालिका १४

| नेपाली | भोजपुरी |
|---|---|
| मैले खेलेको/खेलेकी थिएँ । | हम खेलले रहलीँ । |
| हामीले खेलेका थियौँ । | हमन सब खेलले रहलीँ । |
| तैँले खेलेकी/खेलेको थिइस् । | ते खेलले रहले/रहल । |
| तिमीले खेलेकी/खेलेका थियौ । | तु खेलले रहलिऊ /रहल । |
| तिमीहरूले खेलेका थियौ । | तुलोग खेलले रहल । |
| तपाईंले खेल्नुभएको थियो । | आप खेलले रहलगय । |
| उसले खेलेकी/खेलेको थिई/थियो । | ऊ खेलले रहली/रहल । |
| उनले खेलेकी/खेलेका थिइन्/थिए । | ऊ खेलले रहलिन् /रहलयँ । |
| उहाँले खेल्नुभएको थियो । | वन खेलले रहली/रहलयँ । |

यसरी यहाँ नेपाली र भोजपुरी भाषाका पूर्ण भूतका क्रियाको तुलना गरिएको छ । यसअनुसार भोजपुरी भाषाका पूर्ण भूतकालिक क्रियापदका धातुमा अले प्रत्यय जोडी रहलीँ, रहलयँ, रहल, रहली, रहलेँ, रहलिन्, रहलगय जस्ता भूतकालिक सहायक क्रियाको प्रयोग भएको पाइन्छ ।

## पूर्ण भविष्यत्

प्रस्तुत अध्ययनमा नेपाली र भोजपुरी भाषाका भविष्यत् कालका पूर्णपक्षका क्रियाको तुलना गरिएको छ ।

तालिका १५

| नेपाली | भोजपुरी |
|---|---|
| मैले खेलेको/खेलेकी हुने छु । | हम खेलले होइब । |
| हामीले खेलेका हुने छौँ । | हमन सब खेलले होइब । |
| तैँले खेलेकी/खेलेको हुने छेस्/छस्। | ते खेलले होइबे /होइबे । |
| तिमीले खेलेकी/खेलेका हुने छ्यौ/छौ । | तु खेलले होइबु /होइब । |
| तिमीहरूले खेलेका हुने छौ । | तुलोग खेलले होइबु /होइब । |
| तपाईंले खेल्नुभएको हुने छ । | आप खेलले होइब/ होवलजायी । |
| उसले खेलेकी/खेलेको हुने छे/छ । | ऊ खेलले होई । |
| उहाँले खेल्नुभएको हुने छ । | वन खेलले होइहैं । |
| उहाँहरूले खेल्नुभएको हुने छ । | ऊ लोग खेलले होइहैं । |

यसरी यहाँ नेपाली र भोजपुरी दुवै भाषाका पूर्ण भविष्यत्कालिक क्रियाको तुलना गरिएको छ । यसअनुसार भोजपुरी भाषाका पूर्ण भविष्यत्कालिक क्रियापदका धातुमा अले प्रत्यय जोडी होवलजाइब, होइहैं, होई, होइब, होइबु जस्ता भविष्यत्कालिक सहायक क्रियाको प्रयोग भएको पाइन्छ । यसै गरी भोजपुरी भाषाका पूर्ण वर्तमानकालिक क्रियापदका धातुमा अले प्रत्यय जोडी बाटे, बाटीँ, बा, बाट,बाटयँ जस्ता वर्तमानकालिक सहायक क्रियाको प्रयोग भएको पाइन्छ । नेपाली भाषामा एको/एका/एकी रूपले पूर्ण पक्षलाई जनाउँछ भने भोजपुरी भाषामा 'अले' रूपले पूर्ण पक्षलाई जनाउँछ । त्यसैगरी भोजपुरी भाषाका पूर्ण भूतकालिक क्रियापदका धातुमा अले प्रत्यय जोडी रहलीँ, रहलयँ, रहल, रहली, रहलैँ, रहलिन्, रहलगय जस्ता भूतकालिक सहायक क्रियाको प्रयोग भएको पाइन्छ । भोजपुरी भाषाका पूर्ण वर्तमान, पूर्ण भूत र पूर्ण भविष्यत्कालिक क्रियापदका धातुमा अले प्रत्यय जोडी बाटे, बाटीँ, बा, बाट जस्ता वर्तमानकालिक, रहलीँ, रहलयँ, रहल, रहली, रहलैँ, रहलिन्, रहलगय जस्ता भूतकालिक तथा होवलजाइब, होइहैं, होई, होइब, होइबु जस्ता भविष्यत्कालिक सहायक क्रियाको प्रयोग भएको पाइन्छ ।

## समानता र असमानता

नेपाली भाषाको मूल धातुमा एकस्वरान्त र द्विस्वरान्त धातु पाइन्छन् । भोजपुरी भाषाको मूल धातुमा द्विस्वरान्त धातु पाइँदैन । नेपाली भाषामा मानवेतर क्रियामा लिङ्गभेद पाइँदैन तर भोजपुरी भाषामा मानवेतर क्रियामा पनि लिङ्ग भेद पाइन्छ । नेपाली भाषामा उच्च आदरमाबाहेक एकवचन र बहुवचनको क्रियाको रूप भिन्न हुन्छ तर भोजपुरी भाषामा एकवचन र बहुवचन क्रियाको रूप एउटै हुन्छ । बहुवचन जनाउन लोग, सब जस्ता बहुवचनबोधक रूपको प्रयोग गरिन्छ । नेपाली भाषामा अपूर्ण पक्षका निम्ति तै/दै को प्रयोग गरिन्छ भने भोजपुरी भाषामा अपूर्ण पक्ष जनाउनाका निम्ति अत प्रत्ययको प्रयोग पाइन्छ । नेपाली भाषामा पूर्ण पक्ष जनाउने एको/एका/एकी रूपले लिङ्ग र वचनगत भेद देखाउँछन् तर भोजपुरी भाषामा पूर्ण पक्ष जनाउने अले रूप सबैमा समान तरिकाले प्रयोग हुन्छ । नेपाली र भोजपुरी दुवै भाषा भारोपेली भाषा परिवारका भाषा भएकाले र संस्कृतबाट विकसित भएकाले यी दुई भाषाका क्रियाका संरचना र रूपायन पक्षमा धेरै समानता पाइन्छन् । दुवै भाषा आफ्नै छुट्टै अस्तित्व भएका भिन्न भाषा भएकाले यिनमा धेरै भिन्नता पनि पाइन्छन् ।

## निष्कर्ष

व्यतिरेकी विश्लेषण प्रायोगिक भाषाविज्ञानसँग सम्बन्धित छ । यसले सैद्धान्तिकभन्दा प्रायोगिक पक्षलाई जोड दिन्छ । यसमा दुई वा दुईभन्दा बढी भाषाबीच विभिन्न स्तरमा पाइने समानता र विषमतालाई पत्ता लगाइन्छ । यो दुई वा दुईभन्दा बढी भाषाको व्यवस्था वा उपव्यवस्थाका समानता र भिन्नतासम्बन्धी तुलनात्मक अध्ययन हो । प्रस्तुत लेखमा व्यतिरेकी विश्लेषणको सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा नेपाली र भोजपुरी भाषाका काल तथा पक्षको तुलना गरिएको छ । यसअनुसार भोजपुरी भाषाका सामान्य वर्तमानकालिक कियापदको धातुमा इलजायी, लिन्, लन्, ले, ल, लु तथा भूतकालिक कियापदको धातुमा इलीँ, इलिन्, इलैं, इलस र भविष्यत्कालिक कियापदको धातुमा इब, इहैं, इलजायी, इबु, इबे जस्ता कालबोधक प्रत्यय जोडिएको पाइन्छ । उक्त भाषाका अपूर्ण वर्तमानकालिक कियापदका धातुमा अत जोडी बा, बाटीँ, बाटी, बाटे, बाटु जस्ता सहायक किया प्रयोग गरिएको पाइन्छ । अपूर्ण भूतकालिक कियापदको धातुमा अत जोडी रहल, रहली, रहलैं, रहलिन् जस्ता सहायक कियाको प्रयोग पाइन्छ । अपूर्ण भविष्यत्कालिक कियापदको धातुमा अत प्रत्यय जोडी रहलजायी, रहिहैं, रही, रहबे, रहब, रहबु जस्ता सहायक कियाको प्रयोग गरिएको पाइन्छ । भोजपुरी भाषाका पूर्ण वर्तमानकालिक कियापदका धातुमा अले प्रत्यय जोडी बाटे, बाटीँ, बा, बाट,बाटयँ जस्ता सहायक कियाको प्रयोग भएको पाइन्छ । नेपाली भाषामा एको/एका/एकी रूपले पूर्ण पक्षलाई जनाउँछ भने भोजपुरी भाषामा अले रूपले पूर्ण पक्षलाई जनाउँछ । भोजपुरी भाषाका पूर्ण भूतकालिक कियापदका धातुमा अले प्रत्यय जोडी रहलीँ, रहलयँ, रहल, रहली, रहलैं, रहलिन्, रहलगय जस्ता सहायक कियाको प्रयोग भएको पाइन्छ । पूर्ण भविष्यत्कालिक कियापदका धातुमा अले प्रत्यय जोडी होवलजाइब, होइहैं, होई, होइब, होइबु जस्ता सहायक कियाको प्रयोग भएको पाइन्छ । अतः भोजपुरी भाषाका पूर्ण वर्तमान, पूर्ण भूत र पूर्ण भविष्यत्कालिक कियापदका धातुमा अले प्रत्यय जोडी बाटे, बाटीँ, बा, बाट जस्ता वर्तमानकालिक, रहलीँ, रहलयँ, रहल, रहली, रहलैं, रहलिन्, रहलगय जस्ता भूतकालिक तथा होवलजाइब, होइहैं, होई, होइब, होइबु जस्ता भविष्यत्कालिक सहायक कियाको प्रयोग भएको पाइन्छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०५६), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६५), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अश्क, गोपाल (२०६१), भोजपुरी कवितावाद के कसौटी पर, *सयपत्री,* १०:१, पृ. ९८-९९ ।

आचार्य, मुकुन्द (२०५३), *भोजपुरी गद्य साहित्य,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

उप्रेती, गङ्गाप्रसाद (२०७४), *प्रज्ञा भोजपुरी-भोजपुरी-नेपाली-अङ्ग्रेजी शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

ग्रियर्सन, सरजर्ज अब्राहम(सन् १९१६), *लिङ्ग्विस्टिक सर्वे अफ इन्डिया, भोल्युम* ९, भाग ४, दिल्ली : मोतिलाल बनारसीदास ।

ग्रियर्सन, सरजर्ज अब्राहम(सन् १९२७), *लिङ्ग्विस्टिक सर्वे अफ इन्डिया, भोल्युम* १, भाग १ दिल्ली : मोतिलाल बनारसीदास ।

गौतम, देवीप्रसाद र चौलागाई, प्रेमप्रसाद, (२०७०), *भाषाविज्ञान,* (दोस्रो संस्क.), काठमाडौँ : पाठ्यसामग्री पसल ।

चाटुर्ज्य, सुनितीकुमार, (सन् १९६३), *भारतीय आर्य भाषा और हिन्दी,* (तेस्रो संस्क) दिल्ली : राजकमल प्रकाशन ।

ठाकुर, गोपाल (सन् २००७), *सोसोलिङ्ग्विस्टिक सर्भे अफ द भोजपुरी ल्याङ्ग्वेज,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. भाषाविज्ञान केन्द्रीय विभाग कीर्तिपुर काठमाडौँ ।

ठाकुर, गोपाल(२०६४), 'भोजपुरी के मानकीकरण मे वर्णव्यवस्था', *गोरखापत्र,* मङ्सिर २९, पृ. ९ ।

ठाकुर, गोपाल, (२०७२), '१६ वाँ मातृभाषा दिवस : नेपालके भाषा नीति आ अभ्यास में भोजपुरी', *महुवा,* २:२, पृ. ७६-८६ ।

ढकाल, शान्तिप्रसाद (२०६४), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ: शुभकामना प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०६४), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ: शुभकामना प्रकाशन ।

तिवारी, उदयनारायण, (२०११), *भोजपुरी भाषा और साहित्य,* पटना : बिहार राष्ट्रभाषा परिषद् ।

पौडेल, माधवप्रसाद (२०७३), *सामाजिक र प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* काठमाडौँ :हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

बनिया, सुनिल (सन् २०१५), *भोजपुरी भाषी विद्‌यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रिवि, शिक्षाशास्त्र सङ्काय, बुटवल ।

बुद्ध, सरिता (सन् २०११), *सहज भोजपुरी व्याकरण,* नयाँदिल्ली : स्टार पब्लिकेसन ।

भण्डारी, पारसमणि (२०५४), प्रायोगिक भाषाविज्ञानका केही पक्ष, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६८), प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

यादव, भउचप्रसाद (२०६६), 'नेपाल में भोजपुरी भाषा : विशेषता आ समस्या', *गोरखापत्र,* माघ ६,पृ.९ ।

यादव, भउचप्रसाद (२०७२), 'नेपालमे भोजपुरी भाषाके वर्तमान अवस्था', *महुवा,* २:२, पृ.२४-३३ ।

यादव, विजयशंकर, (२०७०), 'नेपालमे भोजपुरी भाषा विशेषता या समस्या', *महुवा,* १:१, पृ.१०१-१०४ ।

लम्साल, रामचन्द्र र अन्य (२०६६), *पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौं : भुँडीप्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०६८), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०६८), *सामान्य र प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : न्युहिरा बुक्स, कीर्तिपुर ।

शर्मा, विश्वम्भरकुमार र अश्क, गोपाल (२०६४), *भोजपुरी व्याकरण,* वीरगञ्ज : जिल्ला विकास समिति पर्सा ।

साहनी, उपेन्द्र (२०६४), 'भोजपुरी भाषाके सङ्क्षिप्त इतिहास', *गोरखापत्र,* कार्तिक १९,पृ.९ ।

---

**डा.नारायणप्रसाद पन्थ** बुटवल बहुमुखी क्यम्पस, रुपन्देहीका उपप्राध्यापक हुनुहुन्छ । उहाँले नेपाल संस्कृत विश्वविद्यालयबाट नेपाली विषयमा विद्यावारिधि सम्पन्न गर्नुभएको छ । उहाँ नेपाली भाषा, साहित्य, लोकसाहित्य आदि विषयको अध्ययनअनुसन्धानमा विशेष सक्रिय रहँदै आउनुभएको छ । उहाँ नेपाली शिक्षा विषयको विषय समितिमा रही विश्वविद्यालय स्तरीय पाठ्यपुस्तक लेखनका कामलाई निरन्तरता दिँदै आउनुभएको छ ।

---